## बैठक संख्या : १८३

आज मिति २०८२।०७।१६ गते आईतबार विहान ११:०० बजे यस गजुरी गाउँपालिकाका अध्यक्ष श्री गणेशलाल श्रेष्ठज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितीमा गाउँकार्यपालिकाको कार्यालय, गजुरीमा सम्पन्न गाउँकार्यपालिकाको बैठकमा देहायका विषयमा छलफल गरि निम्न निर्णय गरियो ।

उपस्थिती :

| क.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री गणेशलाल श्रेष्ठ | अध्यक्ष | |
| २ | श्री शर्मिला विसुराल | उपाध्यक्ष | |
| ३ | श्री तारानाथ भण्डारी | १ नं. वडाध्यक्ष | |
| ४ | श्री द्रोण कंडेल | २ नं. वडाध्यक्ष | |
| ५ | श्री ऋषिलाल श्रेष्ठ | ३ नं. वडाध्यक्ष | |
| ६ | श्री सुरेन्द्र प्रजा | ४ नं. वडाध्यक्ष | |
| ७ | श्री गोविन्द लामिछाने | ५ नं. वडाध्यक्ष | |
| ८ | श्री भक्त बहादुर तामाङ | ६ नं. वडाध्यक्ष | |
| ९ | श्री बद्रि प्रसाद जम्मकट्टेल | ७ नं. वडाध्यक्ष | |
| १० | श्री देवराज ओझा | ८ नं. वडाध्यक्ष | |
| ११ | श्री आयुष प्रजा | कार्यपालिका सदस्य | |
| १२ | श्री सनक बहादुर प्रजा | कार्यपालिका सदस्य | |
| १३ | श्री मैयाँ डल्लाकोटी | कार्यपालिका सदस्य | |
| १४ | श्री गंगा श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री तारा लामा | कार्यपालिका सदस्य | तारा |
| १६ | श्री फुलमाया तामाङ | कार्यपालिका सदस्य | |
| १७ | श्री होम बहादुर राउत | प्रमुख प्रशासकीय अधिकृत | |

## एजेण्डा र निर्णयहरु:

(मिति : २०८२।०७।१६ गते)

१. नदीजन्य पदार्थको आय ठेक्का सम्बन्धमा ।

निर्णय नं. १. : प्रस्ताव नं. १ माथि छलफल गर्दा गजुरी गाउँपालिकाको आ.व. २०८२/८३ का लागि नदीजन्य पदार्थ उत्खनन, विक्रि तथा निकासी प्रयोजनका लागि मिति २०८२।०४।२९ गतेको स्थानीय राजश्व परामर्श समितिको वैठककले गरेको तपशिलको निर्णय अनुमोदन गरी कार्यान्वयन गर्ने सर्वसहमतीले निर्णय गरियो ।

तपशिल:

गजुरी गाउँकार्यपालिकाको मिति २०८१।०२।०४ बाट स्वीकृत **"गजुरी गाउँपालिका भएर बग्ने बेल्खु, दरियाल, मलेखु र त्रिशुली नदि बगर क्षेत्रहरुबाट दिगो रुपमा ढुंगा, गिट्टी र बालुवाको संकलन तथा उत्खनन कार्य सञ्चालनका लागि गरिएको परिमार्जित प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन"** अनुसार ढुंगा, गिट्टी र बालुवाको संचालन तथा उत्खनन सञ्चालन अवधि दुई वर्षको भएकोले गजुरी गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२।८३ को लागि ढुङ्गा, गिट्टी र बालुवा उत्खनन, संकलन तथा विक्री शुल्क उठाउने प्रयोजनार्थ सोही स्वीकृत परिमार्जित प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (बुदा नं २ अध्ययन विधिको पेज नं. ६ र ७) अनुसारको संकलन/उत्खनन परिमाण र क्षेत्रबाट गजुरी गाउँपालिकाको आर्थिक ऐन, २०८१ को अनुसूची ७ बमोजिमको ढुंगा, गिटी, बालुवा, ग्राभेल र रोडा उत्खनन संकलन विक्रि तथा निकासी वापत प्रति क्यूव फिट रु. ९/- कायम गराइ आयठेक्का मिति २०८२।०२।०२ पहिलो र मिति २०८२।०३।०६ दोस्रो पटक विधुतिय बोलपत्रमार्फत ठेक्का खुलाईएको थियो । उक्त ठेक्का नलागेकोले सो ठेक्का (बोलपत्र नं. GRM/G/NCB/01/2082/83) रद्द गरि आर्थिक वर्ष २०८२।८३ को लागी स्वीकृत गजुरी गाउँपालिकाको आर्थिक ऐन २०८२ को अनुसूची ७ बमोजिमको ढुंगा, गिटी, बालुवा, ग्राभेल र रोडा उत्खनन संकलन विक्रि तथा निकासी वापत प्रति क्यूव फिट रु. ७/- व्यवस्था भएको हुँदा सोही IEE ले तोकेको परिणाम (११८१८८.४ घनमिटर) अनुसार हुन आउने न्यूनतम ठेक्का रकम भ्याट बाहेक रु. २,९२,१६,७६४/- (अक्षरेपी दुई करोड बयानब्बे लाख सोह हजार सात सय चौसट्ठी मात्र) हुन आउने हुँदा ३० दिने सूचना मार्फत आयठेक्का विधुतिय बोलपत्रमार्फत आव्हान गर्ने ।

२०८२।०७।१६

होम बहादुर राउत
प्रमुख प्रशासकीय अधिकृत